نيبالي

٢

لغات

مكتب النسيم
دعوة و إرشاد



# साँचो धर्म

الدين الصحيح

:-साँचो धर्म:-

# :-साँचो धर्म:-


लेखक

अबुअमीन बिलाल, फिलिप्स

हिन्दी अनुवाद

मुहम्मद रईस

नेपाली अनुवादक

अबुफैसल अबिद बिन सनाउल्लाह अल्मदनी

ⓒ المكتب التعاوني للدعوة والإرشاد بعنيزة ، ١٤٢٠هـ

فهرسة مكتبة الملك فهد الوطنية أثناء النشر

فليبس ، بلال

الدين الصحيح - ط ٢ - عنيزة .

٣٢ ص ؛ ١٢ × ١٧ سم

ردمك : ٧ - ٦٧ - ٧٨٣ - ٩٩٦٠

(النص باللغة النيبالية)

١- الإسلام - مبادئ عامة　　　٢- الإسلام-موجزات ومختصرات

أ- العنوان

ديوي ٢١١　　　٢٠/٣٣٥٤

رقم الايداع ٢٠/٣٣٥٤

ردمك : ٧ - ٦٧ - ٧٨٣ - ٩٩٦٠

بسم الله الرحمن الرحيم

# 1

# बिस्मिल्लाहिर्रहमानिर्रहीम

# इस्लाम धर्म

पहिलो कुरा जसलाई राम्रो तरिकाले जान्नु र बुझ्नु पर्दछ, त्यो यो हो कि "इस्लाम"को शाब्दिक अर्थ के हो ?

इस्लाम धर्मको नाम कुनै विशेष व्यक्ति को नाउँमा राखिएको छैन, जस प्रकार क्रिश्चियन धर्मको नाम जिसस क्राइस्ट को नाउँमा राखिएको छ, र बौद्ध धर्मको नाम गौतम बुद्धको नाउँको आधारमा र कन्फ्युसन को नाउमा र मार्किसिज्म धर्म कार्लमार्क को नाउको आधारमा राखिएको छ । इस्लाम धर्मको नाउँ न त कुनै जाति को नाउँमा राखिएको छ, जस्तो कि यहूदियतको नाउँ यहूदा समुदायको नाउँमा राखिएको छ, र हिन्दु धर्मको नाउँ हिन्दुहरु को नाउँको आधारले राखिएको छ इस्लाम अल्लाहको साँचो धर्म हो यसैले त्यो अल्लाहको धर्मको मूल सिद्धान्त- अल्लाहको इच्छाको सम्मुख सम्पूर्ण सर्मपणको प्रतिनिधित्व गर्दछ । अरबी भाषाको शब्द "इस्लाम"को अर्थ हो मात्र एउटा साँचो पुजनीय "अल्लाह" को समक्ष समर्पण गर्नु । अब जुन पनि ब्यक्ति यस्तो गर्दछ त्यसलाई "मुसलमान" भन्छन "इस्लाम" को शाब्दिक

अर्थमा "शान्ति" को अर्थ पनि मिसिएको छ । किन भने "शान्ति" वास्तवमा अल्लाह को इच्छा को सम्पूर्ण समर्पण को फल नै हो ।

यस प्रकार अवलोकन गरे पछि थाहा हुन्छ कि इस्लाम धर्म कुनै नौलो धर्म होइन । जस लाई सन्देश वाहक श्रीमान मौसुफ मोहम्मद«वहाँ माथि अल्लाहको दया कृपा वा शान्ति होस» ले अरबमा सातवीं सताब्दि ईसविमा स्थापित गरेको हो । बरु यो अल्लाहको साँचो धर्महो । जसलाइ त्यसबखत उनको अन्तिम रुपमा फेरी व्याख्या गरिएको थिया ।

इस्लाम नै यो धर्म हो जसको शिक्षा सन्देश वाहक श्रीमान आदम अलैहिस्सलाम लाई दिइएको थियो, जुनकी मानव जातिको आदि पुरुष हुनु हुन्थियो अनि अल्लाहको पहिलो पैगम्बर .(सन्देशवाहक) पनि हुनुहुन्थ्यिो अल्लाहले मानव जातिको लागि जतिपनि पैगम्वर (सन्देशवाहंक) पठाएको छ । तिनि सबैको धर्म इस्लाम नै थियो । अल्लाहको यस धर्मको नाम पछिको मानव जाति मध्ये कसैले पनि राखेको छैन । बरु आफै अल्लाहले नै यस धर्मको नाम राखेको हो ।

जस्तो कि अल्लाहले आफ्नो अन्तिम "वहय" प्रकाशना अर्थात कुरआनमा बयान गरिएक छ।

ईश्वरीय वहय ईश्वाणी को अन्तिम किताब कुरआनमा अल्लाहले भन्नु भएको छ ।

﴿ٱلْيَوْمَ أَكْمَلْتُ لَكُمْ دِينَكُمْ وَأَتْمَمْتُ عَلَيْكُمْ نِعْمَتِى وَرَضِيتُ لَكُمُ ٱلْإِسْلَٰمَ دِينًا﴾

अर्थ :-आजको दिन मईले तिम्रा लागि तिम्रो धर्मलाई पुर्ण गरिदिएको छु । र आफ्नो उपहार (नेमत) लाई तिमीहरु माथि पुर्ण गरेको छु र तिम्रो लागि इस्लाम लाई धर्मको रुपमा रोजेको छु।

(सुर : अल्माईदा - ३)

﴿وَمَن يَبْتَغِ غَيْرَ ٱلْإِسْلَٰمِ دِينًا فَلَن يُقْبَلَ مِنْهُ﴾

अर्थ :- यदि कुनै मानिस इस्लाम धर्म बाहेक अरु कुनै धर्म तलास गर्दछ, वा स्वीकार गर्दछ। भने अल्लाह त्यसलाई कहिले पनि स्वीकार गर्ने छैन ।

(सूर : अलेइम्रान - ८५)

﴿مَا كَانَ إِبْرَٰهِيمُ يَهُودِيًّا وَلَا نَصْرَانِيًّا وَلَٰكِن كَانَ حَنِيفًا مُّسْلِمًا﴾

"इब्राहमि ( सन्देशवाहक) यहुदी पनि थिएन र ईसाइ पनि थिएन बरु त्यो पक्का मुसलमान थिए ।"

(सूर : आले इम्रान-६७)

वाईबिलमा तपाईं कहिं पनी पाउनुहुन्न कि अल्लाहले पैगाम्वर (सन्देशवाहक) श्रीमान मूसा अलैहिस्सलामका अनुयायीहरु वा समर्थकहरु अथवा सन्तानहरुलाई यो भन्नु भएको हो कि उनीहरुको धर्म यहुदियत हो अरु न त ईसाअलाही सलाम का अनुयायी या समर्थक हरुलाई भन्नुभएको हो कि उनीहरुको धर्म ईसाई हो । वास्तवमा क्राइष्ट त ठीक नाम पनि होईन र जीसस पनि शुद्ध नाम होईन । क्राइष्ट शब्द यूनानी भाषाको शब्द क्रिस्टोसवाट (CHRISTOS) निस्किएको छ, जसको अर्थ हो दीक्षित (ANNOINTED) यसको मतलव यो भयो कि क्राइष्ट शब्द हिब्रू (इवरानी) भाषाको शब्द मस्यियो को अनुदित शब्द हो । यसै प्रकार जीससको नाम हिब्रू भाषाको नाम इसाऊ (ESAU) को लातीनी अनुवाद हो ।

तर सजिलोपनाको लागि यस पुस्तकमा पैगाम्वर (सन्देशवाह) हजरत ईसा अैहिस्सलम उहाँ माथि शान्ति होस को लागि, "जिसस" को नाम नै मा प्रयोग गर्नेछु । जहाँ सम्म उनको धर्मको प्रश्न छ, भने त्यो त्यही हो जसको शिक्षा उनीले आफ्ना अनुयायीहरु तथा समर्थकहरुलाई दिएका थिए । आफ्ना पूर्वत सन्देशवाहककहरु जस्तै उहाँले पनि आफ्नो समर्थकहरुलाई यो शिक्षा दिएका थिए कि तिनी अल्लाहको इच्छाको सम्मुख आफ्नो ईच्छालाई समर्पित गरिदेऊन अनि यही

त इस्लाम हो उनीले मानिसहरुलाई यो चेतावनी पनि दिनु भएका थिए कि तिनीहरु मानिसहरु द्वारा निर्मित झुट्टा भगवानहरु बाट टाढा रहुन । न्यू टेस्टामैन्ट अनुसार उनीले आफ्ना अनुयायीहरु (समर्थकहरु) लाई यो प्रार्थना सिकाएका थिए ।

"पृथ्वी माथि तिमी सगँ उस्तै व्यवहार हुनेछ जस्तो जन्नत (स्वर्ग) मा हुन्छ ।"

अल्लाहको समक्ष मानिसले आफ्नो इच्छालाई समर्पित गरिदिनु नै इबादत (पुजा उपासना)को सार हो । अतः अल्लाहको अलौकिक धर्म इस्लामको मूलभूत सन्देश यो हो कि मात्र अल्लाहको पुजा गर्नु र प्रत्येक यस्तो पुजावाट वचनु पर्छ जसको निर्देशन अल्लाह वाहेक अरु व्यक्ति ठाउँ अथवा अन्य कुनै बस्तुको तर्फ होस । किन कि ब्रह्माण्डको रचयिता हल्लाह वाहेक जो सुकै होस त्यो सबै अल्लाहको रचना हो । अतः यो भन्न सकिन्छ कि इस्लामको सन्देश को सार (निचोर) यो हो कि सृष्टिको पुजाबाट टाढा भएर मात्र सृष्टाको पुजा गर्नु अनिवार्य छ । मात्र अल्लाह नै उपासना योग्य छ किनकि उसको इच्छावाट नै मानिसको प्रार्थना पूर्ण हुन्छ । यदि कुनै मानिस कुनै रुखवाट प्रार्थनागरोस् र उत्तरमा उसको ईच्छाको पूर्ति हुन्छ भने यो रुखको महिमा होइन बरु अल्लाहले उसको प्रार्थना र इच्छालाई पूर्ण गरेको हो बुझ्नु पर्दछ ।

यसैभ्रैं **तो** सबै प्रार्थनाहरु जुनकि जिसस्, बुद्ध, कृष्ण, सन्त क्रिस्टोफर वा सन्त जूडी वा श्रीमान हजुर मौशुफ हजुर मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम (अन्तिम सन्देशवाह) बाट गरिन्छ भने उनीहरु तिन प्रार्थनाहरु को प्रत्युत्तर दिँदैनन् बरु अल्लाहले नै उनका प्रार्थनाहरुको उत्तर दिन्छ। जिससूले आफ्ना अनुयायीहरुलाई आफ्नो अराधनाको लागि भनेको थिएन बरु उहाँले उनीहरुलाई अल्लाहको आराधना र पूजाको लागि भन्नु भएको थियो र उहाँले यसैकुरा तर्फ निमन्त्रण दिनु भएको थियो जस्तो कि कुरआनमा यसको बयान स्पष्ट रुपले दिएको छ :-

﴿وَإِذْ قَالَ ٱللَّهُ يَٰعِيسَى ٱبْنَ مَرْيَمَ ءَأَنتَ قُلْتَ لِلنَّاسِ ٱتَّخِذُونِى
وَأُمِّىَ إِلَٰهَيْنِ مِن دُونِ ٱللَّهِ قَالَ سُبْحَٰنَكَ مَا يَكُونُ لِىٓ أَنْ
أَقُولَ مَا لَيْسَ لِى بِحَقٍّ﴾

"तथा अल्लाहले जब ईसा अलैहिस्सलाम सित ( प्रलयको दिन ) सोध्ने छ। कि हे मर्यम को छोरा ईसा के तिमी ले मानिसहरुलाई भनेको थियौ ? कि अल्लाह वाहेक मलाइ र मेरी आमा हामी दूवैलाई ईश्वर पत्याएर पुजा गर ? भने ईसा अलैहिस्सलाम जवाफ दिनेछन कि हे प्रभु तपाई पवित्र र स्वच्छ हौ, म कहिले पनि त्यो कुरा भन्न सकिने थिएन जुन कुराको बारेमा मलाई कुनै अधिकार थिएन ।

(सूर : अलमाइद:११६)

न त ईसा अलहिस्सलामले कहिले पनि आफै आफको उपासना गरेको हो बरु उनी अल्लाहको उपासना गर्दथिए । यही नियम कुरआनको पहिलो अध्यायमा उल्लैखित छ ।

﴿ إِيَّاكَ نَعْبُدُ وَإِيَّاكَ نَسْتَعِينُ ﴾

"हामी मात्र तिम्रै उपासना गर्दछौं र तिम्रै सित मद्दत माग्दछौं ।"
पवित्र कुरआनमा एउटा अर्को ठाउँमा उल्लाहले भन्नु भएको छ । ﴿ وَقَالَ رَبُّكُمُ ادْعُونِي أَسْتَجِبْ لَكُمْ ﴾

" अनि तिम्रा स्वामी पालनहार भन्छ कि मलाई गुहार्नु म तिम्रो प्रार्थना लाई कबूल गर्नेछु ।"
(सूर : अल-मोमिन ६०)

## बिचार गर्ने योग्य कुरा

इस्लामको वास्तविक सन्देश यो हो कि अल्लाह र उसको सृष्टि दुई भिन्ना भिन्नै अस्तित्व हुन । नत अल्लाह आफ्नो सृष्टि वा उसको अंश हो र न त उसको सृष्टि नै अल्लाह वा उसको अँश हो । यो कुरा एकदमै स्पष्ट छ तर सत्य यो होकि सृष्टि-रचयिता

बाहेक सृष्टि-पुजाको कारण मूलतः यसै अवधारणाको अज्ञानता हो । यसै कारण यो विश्वास गरिन्छ कि प्रत्येक ठाउँमा सृष्टिकर्ता (अल्लाह) आफ्नो सृष्टि भित्र आत्मा-स्वरुप व्याप्त छ वा यो धारणा पाइन्छ कि त्यो (अल्लाह) आफ्नो सृष्टिको रुपान्तरमा व्याप्त थियो । यसै विश्वास र धारणाको साहायताले सृष्टि पूजालाई मान्यता दिइन्छ जुन पथ भ्रष्टता र मुर्खता हो ।

इस्लामको सन्देश जस्तो कि अल्लाहको पैगम्बर (सन्देशवाहक) ले फिजाएको छ त्यो यो हो कि मात्र अल्लाहको उपासना गर र उसको सृष्टिको पूजा प्रत्यक्ष वा अप्रत्यक्ष कुनै रुपमा पनि नगर । कुरआनमा अल्लाहले एकदमै प्रष्ट रुपमा भन्न् भएको छ :-

﴿وَلَقَدْ بَعَثْنَا فِي كُلِّ أُمَّةٍ رَسُولًا أَنِ اعْبُدُوا اللَّهَ
وَاجْتَنِبُوا الطَّاغُوتَ﴾

" अरु निःशन्देह मैले प्रत्येक उम्मत (जनसमुदाय) मा एउटा पैगम्बर (सन्देशवाहक) पठाएँ किनकि तिनीहरु मात्र अल्लाहको पूजा गरुन र झुठा भगवानहरुवाट टाढा रहुन ।"

(सूरः अल्-नह्ल - ३६)

जव मूर्ति पूजक सित सोधिन्छ कि तिनी मानिस द्वारा निर्मित मूर्तिहरुको सामुन्ने किन झुक्दछन वा ढोक्दछन ? त विना कुनै अन्तरले यसको एउटै जवाफ पाईन्छ कि तिनी वास्तवमा ढुँगाको मूर्तिको पुजा गर्दैनन् वरु

वास्तवमा उसै एक अल्लाहको पुजा गर्दछन जुन सबै ठाउँमा उपस्थित छ । उन को दावा छ कि ढुँगाको मूर्ति मात्र अल्लाहको अस्तित्वको केन्द्र बिन्दु हो न की आफै अल्लाह । जोसुकै ले पनि अल्लाह को सृष्टि भित्र अल्लाहको अस्तिको उपस्थितिको कल्पना कुनै न कुनै रुपमा स्वीकार गरे को छ । त्यो मूर्ति पूजाको यस तर्कलाई मान्नको लागि विवश हुनेछ । जबकि त्यो मानिस जुनकि अल्लाहको वास्तविक सन्देश र उसका अवमाननाहरु लाई बुझदछ त्यो कहिले पनि मूर्ति पुजाको सर्मथन गर्न सक्दैन । किन न यस विषयमा मुर्ति पूजकहरु कुनै पनी तरीकाले तर्क-वितर्क गरुन । समय-समयमा जुन जुन मानिसहरुले आफ्नो लागि ईश्वरत्वको दावा गरेका छन तिनीहरुले आफ्ना दावाहरुको आधार शिला व जग यस कुरा माथि राखेका छन कि मानिस मा अल्लाहको एउटा अँश हुन्छ, यस कुरालाई बलियो पार्न वा शिद्ध गर्नका लागि तिनीहरु मात्र यति अरु तागत दिनु पर्दथ्यो कि उनको असत्य अवधारणा अनुसार अल्लाह त सबै मानिस भित्र व्यापत छ तर तिनीमा अरु मानिसहरुको उपेक्षा केहि धरै मात्रामा मौजुद छ यसैले तिनी दावा गर्दछन कि अन्य अरु मानिसहरुले आफ्ना इच्छाहरु उसको समक्ष समर्पित गरिदिनु पर्दछ र उनको आराधना गर्नु पर्दछ । किनकि त्यो या त व्यक्तिगत रुपले ईश्वर हो अथवा उसको व्यक्तित्वमा ईश्वर संकेन्द्रित छ ।

यसै प्रकार तिनीहरु जस्ले अरुको ईश्वरत्व लाई तिनी इश्वरहरुको मरे पछि संसारमा जमाउने काम गरेका छन उनीहरु लाई पनि तिनीहरुको माभमा धेरै उपजाउ धरती प्राप्त हुँदै रहेको छ जुन यो स्वीकार गर्दछन कि मानिसमा ईशवर को अस्तित्व छ । तर जसले अल्लाहको सन्देश र उसको अवमानना लाई हृदयगमन गरि सकेको छ त्यस्तो व्यक्ति कहिले पनि अरुको पूजा गर्नेछैन ।ईश्वरीय धर्मको सार सफासंग यो निमन्त्रण हो कि सृष्टा (अल्लाह) कै उपासना गर्नु पर्छ र सृष्टि पूजा का प्रत्येक रुपलाई इनकार गर्नु पर्दछ । अत: इस्लामको सन्देश को सार र अर्थ यो हो :-

﴿لَآ إِلَٰهَ إِلَّا ٱللَّهُ﴾

शब्द "ला-इलाहा, इललल्लाह"

अर्थ : "अल्लाह बाहेक कोही साँचो पूजनीय छैन"

यसलाई पटक-पटक दोहराउना ले मानिस आँफै इस्लामको छत्र-छायामा आएर मौलाउँदछ । र यसैमा अटुट विश्वास राख्नु नै स्वर्गको जमानत (ग्यारन्टी) हो अत: इस्लामको अन्तिम सन्देशवाहक श्रीमान मौसुफ मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम ले भन्नु भएको छ

"जुन व्यक्ति पनि यो भनोस "अल्लाह बाहेक कोही साँचो पूजनीय छैन" र सोहि विश्वासमा रही रहेमा उसको मृत्यु भयो भने त्यो स्वर्ग मा जाने छ (बुखारी र मुस्लिम)

अल्लाह लाई मात्र इश्वर मान्दै उसको प्रति समर्पित रहनु र उसको आज्ञापालन गर्नु र वहुईस्वरवाद व वहुईश्वरवादीहरु लाई अस्वीकार गर्नु नै इस्लाम धर्ममा सम्मिलित छ ।

## -: झुट्टा धर्महरुको सन्देश :-

संसारमा यति धेरै त पथ, मार्ग, धर्म, दर्शन र आन्दोलन, (MOVEMENTS) (तहरीक) छन र सबै यही दावा पेश गर्दछन कि उनको मार्ग वा धर्म ठिक र बेश छ व अल्लाह सम्म पुऱ्याउने नै उनको मार्ग वा धर्म सत्य र साँचो हो । कुनै मानिस यो कसरी जान्न र बुझ्न सक्दछ कि तिनी मध्ये कुन चाहिं सत्य हो र कुन चाहिं असत्य वा कतै सबै त सत्य छैनन् ? यसको उत्तर थाहा पाउनको लागी यो उपाय छ कि नितान्त सत्यताको दावा गर्नेहरु का शिक्षाहरुको संकीर्ण मतभेदहरु लाई टाढागरी दिनु पर्दछ र त्यस वास्तवीक लक्ष्यलाई चिन्नु पर्दछ जुन उनको पूजा-उपासना को प्रत्यक्ष वा परोक्ष रुप हो ।

सबै झुठा धर्महरु अल्लाह को सन्दर्भमा एउटै जस्तो धारणा राख्दछन। तिनी या त यो दावा पेश ार्दछन कि सबै मानिसहरु भगवान हुन अथवा यो कि विशेष व्यक्ति नै अल्लाह (ईश्वर) थियो थिए, वा फेरि यो कि प्रकृति नै अल्लाह हो अथवा अल्लाह मानिसको कल्पनाको उपज हो । अतः यो भन्न सकिन्छ कि झुठो धर्मको मूल सन्देश यो हो कि अल्लाहलाई उसको सृष्टिको रुपमा पूजन सकिन्छ । झुठो धर्म सृष्टि वा उसको कुनै अंशलाई भगवानको नाम दिएर मानिसहरुलाई बताउँदछ कि सृष्टि लाई पूजा गर । उदाहरण स्वरुप सन्देशवाहक ईसा अल्लेहि स्सलामले आफ्ना अनुयायीहरु र समर्थकहरुलाई अल्लाहको उपासना का लागी आमन्त्रित गर्नु भयो तर आज जुन मानिसहरुले यो दावा गर्दछन कि तिनीहरु सन्देशवाहक ईसा अलैहिस्सलम को अनुयायी हुन्छन यिनीहरुले नै मानिसहरुलाई सन्देशवाहक ईसाको पूजा गर्नका लागि भन्दछन तथा यसैको बारेमा निमन्त्रण दिन्दछन तथा यसको यो प्रमाण पेश गर्दछन कि उनी त ईश्वर (अल्लाह) थिए ।

बुद्ध एउटा समाज सुधारक थिए । जसले भारत बर्षका धर्महरुमा धेरै जसो मानवीय नियमहरु को परिचय गराउनु भयो । उनीले आफै लाई ईश्वर हुन को दावा गर्नुभएन अरु न त आफ्ना समर्थक र अनुयायीहरु लाई यो भन्नु भयो र न त तीनीलाई उपदेश दिनु भए

कि तिनीहरु ईश्वर को स्थानमा उनको पूजा गरुन । तर आज धेरै जसो बौद्ध (अवलम्विहरु ) जुन भारत र नेपाल बाहेक अर्का देशहरुमा पाइन्छन, तिनीहरुले वुद्ध लाई भगवान को स्थान दिएका छन र अनीहरुले आफ्नो कल्पनाअनुसार वुद्धको स्वरुप जस्तो मिल्दो मुर्तिहरु वनाएर पूजा गर्दछन ।

सिद्धान्त द्वारा उपासनाको उद्देश्य जव निर्धारित भै जान्छ भने झुठो धर्मको पोल आफै खुल्न जान्छ र उसको विचित्र प्रकृति स्पष्ट भएर सामुन्ने आउँदछ । कुरआनमा सर्वशक्तिमान अल्लाहले भन्नु भएको छ ।

﴿مَا تَعْبُدُونَ مِن دُونِهِۦٓ إِلَّآ أَسْمَآءً سَمَّيْتُمُوهَآ أَنتُمْ
وَءَابَآؤُكُم مَّآ أَنزَلَ ٱللَّهُ بِهَا مِن سُلْطَٰنٍ إِنِ ٱلْحُكْمُ إِلَّا لِلَّهِ
أَمَرَ أَلَّا تَعْبُدُوٓا۟ إِلَّآ إِيَّاهُ ذَٰلِكَ ٱلدِّينُ ٱلْقَيِّمُ وَلَٰكِنَّ أَكْثَرَ
ٱلنَّاسِ لَا يَعْلَمُونَ﴾

"अल्लाह बाहेक तिमीहरु जुन जुनको उपासना गर्दछौ तिनी मात्र केहि नामहरु हुन जसलाई तिमी तिम्रो पूर्वजहरु (पुर्खा-वाजे वराजुहरु) ले गढेका छौ । अल्लाहले तिनको लागि कुनै पनि सनद (प्रमाण) प्रस्तुत गरेको छैन हुकुम् (सासनाधिकार) ता मात्र अल्लाहलाई प्राप्त छ उसले यो आदेश दिएको छ कि

उस (अल्लाह) बाहेक कसैको पूजा नगर्नु यही नै साँचो र सोझो धर्म हो तर धेरै जस्ता मानिसहरुलाई यस शुभ आदेश र सन्देश को बारेमा थाहा छैन ।

(सूर : यूसुफ ४०)

यहाँ यो तर्क पनि दिनसकिन्छ कि सबै धर्महरु ले राम्रो कुराहरु सिकाउन्छन । अत: यस बाट के फरक पर्दछ कि हामी कुन धर्मको पालन गर्दछौं ? यसको उत्तर यो छ कि सबै झुठा धर्महरु ले त सबै भन्दा ठुला नराम्रा कुराहरु सिकाउन्छन । अर्थात सृष्टि पूजा गर्नको उपदेश दिन्छन र सबै ज्ञानी र शिक्षित मानिस लाई यो थाहा छ कि सृष्टिको पूजा सबभन्दा ठुलो पाप हो किन कि यो त आफै आफ्नो जन्मको उद्देश्य लाई इनकार गर्नु हो । मानिस त मात्र एउटा अल्लाह को पूजा गर्नका लागि रचिएको छ । जस्तो कि अल्लाह ले कुरआन मा साफै भन्नु भएको छ ।

﴿وَمَا خَلَقْتُ الْجِنَّ وَالْإِنسَ إِلَّا لِيَعْبُدُونِ﴾

"मैले जिन्न तथा मानिसहरु लाई मात्र यस कारण पैदा गरेको छु । कि तिनीहरु मात्र मेरो पूजा गरुन ।"

परिणाम स्वरुप सृष्टि पूजा जुन कि मुर्ति पूजाको सार हो । र त्यही यस्तो पाप हो जुन कि कहिले पनि माफ (क्षमा) हुँदैन । त्यो मानिस जस को मृत्यू मूर्ति पूजा को स्थिति मा भयो त्यसले आफ्नो आर्को तथा अनन्त जिवन को भाग्य यहीं नै बन्द गरिलिन्छ ।

यो कुनै मनगढण्त र मनमानी राय होइन बरु अल्लाह ले बताइएको तथ्य हो जस्तो कि अल्लाह ले आफ्नो किताब कुरआनमा भन्नु भएको छ

إِنَّ اللَّهَ لَا يَغْفِرُ أَن يُشْرَكَ بِهِ وَيَغْفِرُ مَا دُونَ ذَٰلِكَ لِمَن يَشَاءُ

"निःशन्देह अल्लाह ले मुशरिक (बहुईश्वरवादी) लाई कहिले पनि क्षमा गर्ने छैन तर यस वाहेक जसलाई चाहने छ क्षमा गर्ने छ ।

(सूरःअन-निसा ४८-११६)

# इस्लाम को सार्व भौमिकता

किन भने झुठा धर्महरु को परिणाम यत्रो गम्भीर छ । अतः अल्लाह को साँचो धर्मलाई सर्वाङ्गीण रुपले सम्झनु बुझनु र ग्रहण गर्नु पर्दछ । उसलाई कुनै मानिस, ठाउँ (स्थान) वा समय सम्म सीमित रहनु पर्दैन । यस्तो विश्वास राख्न को लागि, मृत्यू भए पछि

(मरणेपरान्त) स्वर्गमा जानुको लागि वपतस्मा (मानव-आराधना) वा कुनै मसीहा (मुक्ति दिलाउने) माथि ईमान ल्याउन को लागि कुनै खाँचो छैन । इस्लाम को मूलभुत सिद्धान्त र उसको परिभाषा अर्थात अल्लाह को इच्छा को प्रति समर्पित भै जानु नै इस्लामको सार्वभौमिक्ता को बाटो प्रशस्त गर्दछ ।

जतिखेर कुनै मानिस माथि यो कुरा स्पष्ट भइजान्छ कि अल्लाह एउटै छ । र त्यो आफ्नो सृष्टि बाट विशिष्ट छ अनि फेरि त्यो मानिस अल्लाह को सामुन्ने आफ्नो इच्छालाई समर्पित गरिदिन्छ, त्यती खेर नै त्यो आफ्नो जीउ र आत्मा को साथ मुसल्मान भई हाल्छ र स्वर्गको हकदार भैजान्छ । अतः कुनै पनि मानिस कुनै पनि बेला, र संसार को कुनै पनि ठाउँमा सृष्टि पूजा लाई ईन्कार गरी तथा एउटा अल्लाह को तर्फ फर्केर एउटा मुसलमान अर्थात अल्लाह को धर्म इस्लाम को समर्थक र अनुयायी बन्न सक्दछ ।

यो कुरा पनि ध्यान मा राख्नु पर्दछ कि एक अल्लाह लाई मान्नु र आफु लाई उसको समर्पित गरि दिनुको तात्पर्य (मतलब) यो हो कि यस्तो मानिस राम्रो तथा नराम्रो कुरा को बारेमा चयन गरोस, र यस चयनमा नै मानिसको दायित्व निहित छ । मानिसलाई उसको चयनको उत्तरदायी बुझ्नु पर्दछ, यसले गर्दा उसलाई चाहियो कि त्यो राम्रोकार्य गरोस् तथा नराम्रो कार्यबाट टाढा रहोस् ।

अन्ततः भलाई यही हो कि मात्र एउटै अल्लाह को इवादत पूजां गर्नु र अन्तत : खराबी यही नै हो कि अल्लाह को सृष्टि को पूजा गर्नु चाहे सृष्टि को पुजा अल्लाह को पुजाको साथ साथै गर्नु वा बिना साथ छुट्टै गर्नु दुवै बराबर हुन। यो तथ्य ईश्वरीय ग्रन्थ कुरआनमा यस प्रकार प्रस्तुत गरिएको छ।

﴿إِنَّ ٱلَّذِينَ ءَامَنُوا۟ وَٱلَّذِينَ هَادُوا۟ وَٱلنَّصَٰرَىٰ وَٱلصَّٰبِـِٔينَ
مَنْ ءَامَنَ بِٱللَّهِ وَٱلْيَوْمِ ٱلْءَاخِرِ وَعَمِلَ صَٰلِحًا فَلَهُمْ أَجْرُهُمْ
عِندَ رَبِّهِمْ وَلَا خَوْفٌ عَلَيْهِمْ وَلَا هُمْ يَحْزَنُونَ﴾

अर्थ : "निःसन्देह उनीहरु जुन ईमान ल्याएका छन (अर्थात मुसलमानहरु हुन) वा यहूदीहरु इसाईहरु हुन अथवा सावीहरु हुन यिनीहरु मध्ये जुन कोही पनि अल्लाह र अन्तिम निर्णय को दिनमा (प्रलयको दिन) विश्वास राख्दछन र सद्‌कर्म गर्दछन भने उनको प्रतिदान उनीहरुको प्रभुको पास मौजुद छ र उनीहरु लाई कुनै किसिमको भय र शोक हुन सक्दैन।

(सूर :अलवकर ६२)

﴿وَلَوْ أَنَّهُمْ أَقَامُوا۟ ٱلتَّوْرَىٰةَ وَٱلْإِنجِيلَ وَمَآ أُنزِلَ إِلَيْهِم مِّن رَّبِّهِمْ
لَأَكَلُوا۟ مِن فَوْقِهِمْ وَمِن تَحْتِ أَرْجُلِهِم ۚ مِّنْهُمْ أُمَّةٌ مُّقْتَصِدَةٌ
وَكَثِيرٌ مِّنْهُمْ سَآءَ مَا يَعْمَلُونَ﴾

यदि उनीहरुले तौरेत र इंजील तथा जो सुकै उनीहरुको तर्फ उनको पालनकर्ता बाट उतारिएको थियो (अर्थात अल्लाहको उपदेश वा कुरआन मजिद) यिनी सबै ईश्वरीय ग्रन्थ लाई पत्याएर तिनको विधान अनुसार कर्म गरेको भए त उनीहरुलाई आकाश र पृथ्वी तथा चारै तर्फ बाट खाने कुरा मिल्ने थियो । तर उनीहरु मध्ये एउटा टोली यस्तो पनि छ जुन राम्रो बाटो (सोझो बाटो) मा अग्रसर छ तर उनीहरु मध्ये अधिकांश मानिसहरु नराम्रो काम गर्दछन ।

## अल्लाहलाई मान्नु

यहाँ एउटा प्रश्न उत्पन्न हुन्छ कि विभिन्न परिप्रेक्ष्य, समाज र सभ्यताहरु लाई हेर्दा हेर्दै, यो कसरी सम्भव हुन सकछ कि सबै मानिसहरु अल्लाह माथि ईमान कल्याउन ? किनकी अल्लाह को उपासना को लागि उत्तरदायी हुनको लागि निश्चय नै अल्लाहको बारेमा पर्याप्त ज्ञान हुनु पर्दछ ।

अल्लाह को अन्तिम वहय (ईश्वाणी) कुरआन ले यो भन्छ कि समस्त मानवजाति लाई अल्लाह को परिचय प्राप्त छ किन कि यो उनको आत्मामा अंकित भई

सकेको छ जुन कि तिनको त्यस स्वभाव को अंश हो जसको साथ-साथ उनको सृजना भएको छ । (सूर: अल्-आराफको आयत नं. १७२-१७३ ) मा अल्लाहले बयान गर्नु भएको छ कि जब अल्लाहले हजरत आदम लाई पैदा गर्नु भयो त आदम का सबै सन्तान हरुलाई प्रस्तुत हुनको अवसर दिनु भयो तथा उनीहरु बाट यस्तो शपथ लिनुभयो :- "के म तिम्रो (रब, सृष्टा, पालनकर्ता र स्वामी) होईन ?यस पछि उनीहरुले जवाफ दिएकि तिमी हाम्रो ईश्वर होईबक्सिन्छ हामीहरु साक्षी छौं कि तपाई हाम्रा ईश्वर हुनुहुन्छ ।यस पछि अल्लाह ले समस्त मानव जाति बाट यस्तो शपथ लिएको कि "अल्लाह उनी सबैको सृष्टा हो र मात्र सोही पुजाको हकदार छ" सो कारण सम्झाउदै भन्नुभयो" यो शपथ यसले गर्दा लिएको छु कि तिमीहरु अन्तिम निर्णय (प्रलय) वा पुनर जीवनको दिन कतै यो न भन्न थालौं कि वास्तवमा हामीहरु यिनी सबै कुराहरुवाट अज्ञान थिए । अर्थात यो न भन्न थालौ कि हामीहरुलाई यो कुराको बारेमा थाहै थिएन कि हे अल्लाह तपाई नै हाम्रो ईश्वर हौ र हामीलाई कसैले पनि वताएको थिएन कि हामीबाट यो अपेक्षित छ कि हामी मात्र तिम्रै पुजा गरौं ।

यसै संदर्भमा अल्लाहले अगाडि यस तरीका वाट सम्झाएको हो कि :-

"कहीं तिमीहरु यो न भन्न थालौं कि शिर्क(बहुदेववाद) को आरम्भ त हाम्रा बाबु, बाजे, बराजु तथा पुरुखाहरुले हामीबाट पहिले गरेका थिए र हामीहरु ले त उनीहरुको मात्र सन्तति (छोरा-नाती) हौं फेरि के तंपाईले हामीहरुलाई उस अपराधमा नष्ट गरिदिनु हुन्छ जुन कि तिनी कार्य भ्रष्टहरुले गरेका थिए"

(सूराअलआराफ १७३)

यस प्रकार यो कुरा सामुन्ने आउंदछ कि प्रत्येक बच्चा अल्लाह माथि प्राकृतिक रुपले ईमान राख्न को अवस्थामा पैदा हुन्छ । मात्र अल्लाह कै उपासना गर्नको यस अन्तःकरणलाई अरबी भाषामा (फित्रत्) भनिएको छ ।

यदी बच्चालाई उसको आफ्नो हालतमा छोडि दिइयोस भने त्यो आफै आफ प्राकृतिक रुपले अल्लाह कै इबादत (पुजा) गर्थ्यो तर समस्त बच्चाहरु आफ्नो समाजको दृश्य वा अदृश्य थोकहरुबाट प्रभावित हुन्छन्। यही कुरा एउटा हदीसमा सन्देश वाहक हजरत मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमले बताउनु भएको छ :-

अल्लाहले भन्नुहुन्छ कि :- "मैले आफ्ना सेवकहरुलाई सांचो धर्म माथि नै पैदा गरे तर शैतानहरुले तिनीहरुलाई फकाए फुस्लाए र पथ भ्रष्ट गरिदिए ।" सन्देशवाहक हजरत मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमले यो पनि बताउनु भएका छन कि :-

"प्रत्येक बच्चा आफ्नो प्राकृतिक रुपमा पैदा हुन्छ जस्तो कि एउटा जानदार एउटा सामान्य बच्चालाई जन्म दिन्छ । फेरि उसको आमा बाबुले त्यसलाई यहूदी, ईसाइ वा जर्दुश्ती (आगोपुजक) बनाई दिन्छन् । के तिमीले यस्तो पनि जानवर देखेका छौं कि जुन आफ्नो बिगरिएको प्राकृति (फितरत) मा जन्म लिएको होस् ? ।"

(वुखारी वा मुस्लिम हदीस सग्रह वाट चयित) अत: जुन तरीकाले एउटा बच्चा तिनी प्राकृतिक नियमहरुको अधीनमा रहन्छ जुन कि अल्लाहले प्राकृतिको लागि बनाएको छ, ठिक उसै झैं उसको आत्मा पनि प्राकृतिक रुपले यस तथ्य को अधिनमा रहन्छ कि अल्लाह उसको स्वामी र पालनहार हो । तर उसको आमा बावुले यस कुराको प्रयास गर्दछन् कि उनको वच्चा उनिको पथ वा धर्मको अनुसरण गरोस् । किनकि बच्चा आफनो जिवनको आरम्भिक दिनहरुमा यति सक्षम हुदैन कि त्यो आफ्ना आमा बावुको यस इच्छाको विरोध वा प्रतिरोध गरि सकोस् । अत: बच्चा यस अवस्थामा जुन धर्मको पालन गर्छ त्यो रिति रिवाज र पालन पोषण को अनुसार हुन्छ अनि यसैकारण अल्लाहले कुनै वच्चालाई उसको यस धर्मको लागि न त उत्तरदायि ठहर्याउछ र न त उसलाई यसको वारेमा सजाय दिन्छ ।

वाल्यकाल देखि मरुन्जेल सम्म सम्पूर्ण जीवन कालमा मानिस लाई उसको अन्तरात्मा र यस संसार को प्रत्येक भुभाग र कुनाकाप्तामा निशानी संकेत वा चमत्कारहरु ब रम्बार देखाईदैछन्, यहाँ सम्म कि यो कुरा प्रष्ट भएर उसको समुन्ने आउँदछ कि मात्र एउटै साँचो ईश्वर छ (अल्लाह) यदि मानिसहरु आफु आफुमा साँचो रही रहुन् र आफ्नो झुठा भगवानहरुलाई इन्कार गरेर अल्लाह (ईश्वर) को तर्फ अग्रसर भई जाउन भने अगाडिको बाटो तिनको लागि सजिलो भईहल्छ । तर यदि तिनीहरु अल्लाहका निशानीहरु र चमत्कारहरुलाई बारम्बार अस्वीकार गर्दै रहुन र पहिला जस्तैनै सृष्टिको पूजा गर्दै रहुन त उनको लागि बचाव(सुरक्षा) को बाटो अप्ठाऱ्यारो पर्न जन्छ ।

उदाहारणत: दक्षिणी अमेरीकाको ब्राजिल स्थित आमेजन का जङ्गलहरुको दक्षिणी पूर्वी क्षेत्र मा बस्ने एउटा आदिवासी समुदायले समस्त सृष्टिका सर्वोच्च ईश्वराको प्रतिनिधित्व गर्ने स्क्वाच भन्ने मूर्तिको स्थापना को लागि एउटा नयाँ झुपडि खडा गरे । त्यसको भोलिपल्ट एउटा युवकले यस भगवानको स्तुतिको लागि झपडिमा प्रवेश गऱ्यो। अहिले त्यो नवयुकले त्यस भगवान को सामुन्ने जसको बारेमा त्यस लाई सिकाईएको थियो कि त्यहीनै उस्को सृष्टा र पालनहर हो, त्यो नमस्तक नै भएको थियो ।

(अर्थात ढोगन थालेको थियो) कि एउटा चाउरे तथा साह्रै दुब्लो पातलो ख्याउटो कुकुर त्यस झुपडि भित्र पस्यो तथा उस नवयुवकले देख्यो कि कुकुरले आफ्नो पछाडीको खुट्टा उठाएर मूर्तिमाथि पिसाव गर्न थाल्यो। चर्को रिसमा परिपूर्ण भएको नवयुवक भक्तले त्यस कुकुरलाई मन्दिर बाट बाहिर त लखेटि दियो, तर जव उस्को रिस शान्त भयो भने त्यो यस निष्कर्षमा पुग्यो कि यो मूर्ति त यस ब्रहमाण्ड को सृष्टा र स्वामि हुन सक्दैन । अल्लाह (ईश्वर) लाई त कुनै त पवित्र र सर्वोच्च ठाँउ वा सिहसनमा विरानमान हुनु पर्छ जुन सर्वशक्तिमान र महान हुनुहुन्छ । अब त्यस पछि उसको सामुन्ने एउटा चयन त यो थियो कि त्यो आफ्नो यस ज्ञानलाई काममा लगाएर उसको अनुसार कार्यरत रहोस् र अल्लाहको तर्फ अग्रसर रहोस अथवा बेइमानि को साथ आफ्नो समुदाय को झुठो विश्वाश माथि हिँडदै रहोस् । यो कुरा नै आश्चर्यजनक किन न लागोस, यो घटना त्यस नवयुवक को लागि अल्लाह को तर्फ बाट एउटा निसानी थियो । यस घटनामा यो अलौकिक शिक्षा निहित थियो कि त्यो नवयुवक जसको पूजा गरिरहेको थियो त्यो एउटा असत्य थियो ।

जस्तो कि पहिला बताईसकेको छ कि सबै राष्ट्र र समुदायहरुको तर्फ अल्लाहले आफ्नो पैगम्ब (सन्देशवाहक) पठाउनु भए ताकि अल्लाह प्रति मानिस को प्राकृतिक विश्वास लाई अरु बलियो

गरिइसकोस र मानिस को यस जन्मजात भावना लाई कि त्यो मात्र एक अल्लाह को उपासना गरोस् दृढ गर्नको सगं संगै अल्लाह को तर्फ बाट दिखाइने दिन प्रतिदिन का प्रमाण र चिन्हहरुलाई पनि सवल बनाईसकोस । यधपि अधिकांश : इनी सन्देश वाहकहरुका शिक्षाहरु लाई उनको असल रुपमा रहन दिइएन त पनि उनीहरुका शिक्षाहरु वा केहि अंश शेष बाचेको थिए जसबाट ठीक र बेठीक, सत्य र असत्य को बोध हुनसक्दथियो । उदाहरणर्थ "तौरात" का दश आदेशहरु जुनका वर्णन इजील मा पनि छ । यसै भ्कै हत्या, चोरी र ब्यभिचार र विरोधी नियम पनि समाजहरुमा पाइने छन ।

परिणम स्वरुप हर आत्मा बाट अल्लाह माथि ईमान र इस्लाम धर्मको स्वीकारोक्ति को लेखा-जोखा गरिने छ अल्लाह बाट हाम्रो यो दुआ (प्रार्थना) छ कि उनी हामीहरु लाई त्यस सोभ्को बाटो मा चलाओस जस को बारेमा उनीले हाम्रो लागि मार्गदर्शन गरेका छन तथा हामी माथि आफ्नो कृपा-दृष्टि गरोस् । नि:सन्देह उनी अत्यन्त दयालु छन सम्पूर्ण बडप्पन र उदारता मात्र अल्लाह को लागि छ जुन कि सम्पूर्ण संसार को स्वामी हुन अनि पैगम्बर (सन्देशवाहक) मौसुफ हजरत मुहम्मद अलैहि वसल्लम र उनको परिवार र उनका साथीहरु र उनीहरु माथि जुनकि तिनीको ठीक ठीक अनुसरण गर्दछन, शान्ति र वरदान होस् ।

# الدين الصحيح

( باللغةالنيبالية )

تاليف

## أبو أمينة - بلال فليبس

مترجم

## ابوفيصل / عابد بن ثناء الله المدنى

مكتب دعوة وتوعية الجاليا ت بعنيزة
هاتف ٠٦٣٦٤٤٥٠٦/٠٦٣٦٥٤٠٠٤ ص ب ٨٠٨